# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०९।२६ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला धनुषा सबैला नगरपालिका वडा नं. ५ मा आ.व. २०७७/०७८ मा संचालन भएको योजनाहरूमध्ये सबैला नगरपालिका वडा नं. ५ स्थित मखन टोलमा विनोद यादवको घरदेखि रितलाल यादवको घर हुँदै भुल्ला कापरको घरसम्म माटो तथा ग्राभेल कार्यमा नभएको कामको बिल भरपाई पेस गरी रकम अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा जिल्ला धनुषा सबैला नगरपालिकाको आ.व. २०७७/०७८ मा संचालन भएको सबैला नगरपालिका वडा नं. ५ स्थित मखन टोलमा विनोद यादवको घरदेखि रितलाल यादवको घर हुँदै भुल्ला कापरको घरसम्म माटो तथा ग्राभेल कार्यको योजनामा फिल्डमा कम परिमाणको कामलाई बढी काम भएको नापी किताब तयार गरी मूल्याङ्कन गरेको तथा ठेक्का बिल र कार्य सम्पन्न प्रतिवेदनसमेत गलत लिखत तयार गरी भुक्तानीका लागि सिफारिस गरेको, लागत अनुमानको परिमाणमा कार्य सम्पन्न गर्नुपर्नेमा ठेकेदारले सो गर्न नसकेको, योजनाको भुक्तानीको सिफारिस गर्दा कम परिमाणको कार्यलाई प्राविधिक मापदण्ड अनुसार सम्पन्न भएको भनी वडा अध्यक्षले भुक्तानी सिफारिस गरी सरकारी रकम हिनामिना गर्ने कार्यमा भूमिका खेलेको, कम लागत अनुमानका टुक्रे योजना बनाई कार्यान्वयनमा लापरवाही गर्ने तथा फिल्डमा गरेका कार्यभन्दा बढी मूल्याङ्कन गराउने कसुर गरी भ्रष्टाचारजन्य काम गरेको हुन आएकोले उक्त भ्रष्टाचार कसूरमा संलग्न देहायबमोजिमका पदाधिकारीहरू र कर्मचारीहरूलाई देहायबमोजिमको सजाय हुन मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र दफा ३५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

**देहायः**

| सि.नं | नामथर | कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|---|
| १. | तत्कालीन प्रमुख प्रशासकीय अधिकृत स्वर्गीय बालविर ठाकुर | सबैला नगरपालिका नगर कार्यपालिकाको कार्यालय, धनुषा | रू.१,०३,१९०।२० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) को कसूर र नभएको नगरेको कामलाई भएको गरेको भनी कार्य सम्पन्न प्रतिवेदन स्वीकृत भएको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) को कसूर गरेको देखिएता पनि निजको मृत्यु भएको हुँदा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १३३ को उपदफा (२) र दफा १५८ को उपदफा (२) बमोजिम मरेको व्यक्तिको हकमा समेत सरकारी वा निजी विगो, क्षतिपूर्ति वा रकम भराउन सकिने कानूनी व्यवस्था रहेको हुँदा निजका अंशियारहरुबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम बिगो असुल उपर गर्ने प्रयोजनको लागि बालविर ठाकुरको नामबाट हक खाने अंशियारहरू पलवी ठाकुर र रौनित ठाकुर हकवालाको नाममा |

| | | | | |
|---|---|---|---|---|
| | | | | बालविर ठाकुरको सम्पत्ति हस्तान्तरण भएको वा हुने सम्पत्तिसमेतबाट उक्त बिगो असुल उपर हुनतर्फ मात्र मागदावी लिइएको छ । |
| २. | तत्कालीन इन्जिनियर रंजित कुमार यादव र सब-इन्जिनियर रंजित कूमर | सबैला नगरपालिका नगर कार्यपालिकाको कार्यालय, धनुषा | रू.१,०३,१९०।२० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) को कसूरमा ऐ.ऐ. दफा ८ को उपदफा (१) बमोजिम बिगो कायम गरी कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन साथै, सो योजनामा नभएको नगरेको कामलाई भएको गरेको भनी कार्य सम्पन्न प्रतिवेदन बनाएको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) कसूरमा ऐ.ऐ. को दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना हुन समेत मागदाबी लिइएको छ । |
| ३. | तत्कालीन वडा अध्यक्ष देवेन्द्र प्रसाद यादव | सबैला नगरपालिका वडा नं. ५ | रू.१,०३,१९०।२० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) को कसूरमा ऐ.ऐ. दफा ८ को उपदफा (३) बमोजिम बिगो कायम गरी कैद वा बिगो बमोजिम जरिवाना वा दुवै सजाय हुन समेत मागदाबी लिइएको छ । |
| ४. | तत्कालीन प्रोप्राइटर पुरुषोत्तम दास यादव | राहुल निर्माण सेवा, जनकपुर | रू.१,०३,१९०।२० | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसूरमा ऐ.ऐ. दफा ८ को उपदफा (४) बमोजिम बिगो कायम गरी कैद वा बिगो बमोजिम जरिवाना गरी बिगो जफत हुन समेत मागदाबी लिइएको छ। |

प्रवक्ता
श्याम प्रसाद भण्डारी